भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

फोन नः ९८५६०१००४५
ईमेलः
bhimsenthapagaupalika@gmail.com
info@bhimsenmun.gov.np
website: www.bhimsenmun.gov.np

पत्र संख्या:०७७/०७८

च. नं. ५६५

मिति:२०७७/०७/२५

विषयः आवश्यक व्यवस्था सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
श्री प्रहरी चौकी घ्याम्पेसाल,
श्री प्रहरी चौकी बोर्लाङ्ग,
श्री अस्थायी प्रहरी पोष्ट खाञ्चोक,
भिमसेनथापा गाउँपालिका।

प्रस्तुत सम्वन्धमा जिल्ला प्रशासन कार्यालय गोरखाको मिति २०७७।०७।२१ गतेको सूचना यसैसाथ संलग्न छ। सो सूचना सार्वजनिक स्थलमा टाँस गरी सूचनाको कार्यान्वयनको लागी आवश्यक व्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ।

विवेक खनाल
अधिकृत छैटौं

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

भिमसेन थापा गाउँपालिका
दर्ता : १२०६
मिति : २०७७/७/२१

फोन नं.०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email:dao.gorkha@gmail.com
URL: daogorkha.moha.gov.np

मिति: २०७७।०७।२१

## जिल्ला प्रशासन कार्यालय,गोरखाको अत्यन्त जरुरी सूचना।

नजिकिँदै गरेको शुभ दिपावली, नेपाल सम्वत, छठ, ल्होसार लगायतका चाडपर्वको पावन अवसरमा सम्पूर्ण जिल्लावासीहरुमा जिल्ला प्रशासन कार्यालय, गोरखा सुख, शान्ति, सम्वृद्धिको कामना गर्दछ। विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण यस जिल्लामा पनि बढ्दै गइरहेको वर्तमान अवस्थालाई मध्येनजर गर्दै उल्लेखित चाडपर्व मनाउँदा आफू र आफ्ना परिवारसंग मात्र रहेर मनाउनु हुन अनुरोध छ। विगतमा जस्तो आफन्तहरुकोमा जाने, भिडभाड गर्ने, जम्मा हुने, नाचँगान गर्ने, पिङ हाल्ने/ खेल्ने कार्य नगर्नु हुन जानकारी गराउदछौं। यसैगरी मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, जुवातास खेल्ने, पटका, आतिशवाजी तथा भुइचम्पा जस्ता विस्फोटक पदार्थको प्रयोग गर्ने जस्ता कार्यहरु नगर्नु/नगराउनु हुनका साथै विभिन्न धर्मालम्वीहरुले आ- आफ्ना चर्च, मस्जिद, गुम्वाहरुमा भेला जम्मा भई कार्यक्रम गर्ने, प्रार्थना गर्ने, संगती गर्ने जस्ता क्रियाकलापहरु भइरहेको सूचना प्राप्त भएकोले यस्ता गतिविधि नगर्न/ नगराउन समेत सवैमा सूचित गरिन्छ।

यसका साथै तिहारको अवसरमा आयोजना हुने देउँसी भैलो कार्यक्रमका कारण भिडभाड तथा जमघट बढ्न गई कोरोना संक्रमणको माध्यम बन्न सक्ने भएकोले देउसी भैलो जस्ता कार्यक्रम आयोजना नगर्नु नगराउनुहुन अनुरोध छ। यसको परिपालना गराई कोरोना संक्रमण नियन्त्रण, रोकथाम तथा जोखिम न्यूनीकरणमा आवश्यक सहयोग तथा सहजिकरण गरिदिनुहुन जिल्लामा क्रियाशिल राजनीतिक दल, सवै स्थानीय तह, सवै संञ्चार माध्यम, सामाजिक संघसंस्था, युवा क्लव, आमा समूह, सामुदायिक संघसंस्थाहरुलाई हार्दिकतापूर्वक अपिल गरिन्छ।

जिल्ला भित्र कुनै प्रकारको मेला आयोजना नगर्ने, बजारमा भिडभाड नगर्ने, सामाजिक/ भौतिक दुरी कायम गर्ने, अनिवार्य रुपमा मास्क लगाउने, नियमित रुपमा साबुन पानीले पटक- पटक हात धुने वा स्यानीटाइजरको प्रयोग गर्ने, सार्वजनिक सवारी साधनहरु संचालन गर्दा निश्चित स्वास्थ्य र सुरक्षाको मापदण्ड अनिवार्य रुपमा पालना गर्नु/ गराउनुहुन अनुरोध छ।

उल्लेखित चाडपर्वको अवसर पारेर भुइचम्पा, पटका तथा आतिशवाजी जस्ता विस्फोटक पदार्थको आयात गर्ने, भण्डारण गर्ने, बिक्रि वितरण गर्ने र आम जनमानसले प्रयोग गरी पड्काउने लगाएतका कार्यबाट जनस्वास्थ्यमा गम्भीर नकारात्मक असर पर्ने, चोट पटक लाग्ने, आगजनी हुन सक्ने भएको हुँदा यस्ता पदार्थको आयात, भण्डारण, बिक्रि वितरण तथा प्रयोग गर्नु नगराउनु हुन स्थानीय प्रशासन ऐन २०२८, बमोजिम निषेध गरिएको व्यहोरा सूचित गरिन्छ।

माथि उल्लेखित गतिविधिहरु भएको पाइएमा नजिकको प्रहरी इकाई, जिल्ला प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय, गोरखामा खवर गरिदिनुहुन सवैमा अनुरोध छ। कोही कसैले यस सूचना विपरितको क्रियाकलाप गरे गराइएको पाइएमा स्थानीय प्रशासन ऐन, २०२८ तथा संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही गरिने हुदाँ सोही व्यहोरा जानकारी गराइन्छ।

२०७७।०७।२१

(देवी पाण्डे खत्री)
निमित्त प्रमुख जिल्ला अधिकारी